१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं ।**

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ
त्यसैलेः
- इ-सिगरेटले निकोटिनको लत बढाउँछ.
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौ,
- स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १९४ ॥ २०८२ भाद्र ०९ गते सोमबार (25th Aug 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# बढ्दो धर्मान्तरणप्रति हिन्दु धर्मका संरक्षकहरुको चिन्ता

झापा(प्रस) । हिन्दु धर्मका संरक्षकहरुले बढ्दो धर्मान्तरणप्रति चिन्ता व्यक्त गरेका छन् । हिन्दु धर्म अहिले चुनौतीको रुपमा रहेकाले हिन्दुहरु जहाँसुकै भएपनि सुरक्षित र एकताबद्ध रहनु पर्नेमा उनीहरुको जोड रहेको छ । विश्व हिन्दू परिषद् तथा अर्जुनधारा जलेश्वर धामद्वारा संयुक्तरुपमा आइतवार आयोजित " धर्मो रक्षति रक्षितः" प्रवचनात्मक प्रबोधन कार्यक्रममा बोल्दै प्रमुख अतिथि विश्व हिन्दू परिषद्का अन्तर्राष्ट्रिय महामन्त्री मिलिन्द परान्डेजीले धर्मान्तरण रोक्न हरेक हिन्दू धर्मावलम्बीमा भावना जागृत गराउनु पर्ने बताए । महामन्त्री परान्डेजीले हरेक हिन्दुमा 'म हिन्दु हुँ' भन्ने भावना जागृत भएपछि मात्र धर्मान्तरण रोक्न सकिने बताए । हिन्दु धर्म अहिले चुनौतीको रुपमा रहेको बताउँदै उनले विश्वभरका



हिन्दुहरुलाई संगठित गर्दै भेदभावरहित हिन्दु समाजको निर्माणमा लाग्नु पर्नेमा जोड दिए । हिन्दु धर्म नेपालको पहिचान र अस्तित्व भएकोले यस धर्मलाई सबै पक्षबाट जोगाउन पर्ने भन्दै उनले नेपाल र भारतका हिन्दुहरुबीच सदियौँदेखि सुमधुर सम्बन्ध रहेको चर्चा गरे । अर्जुनधारा जलेश्वरधामका अध्यक्ष नवीन गट्टानीको अध्यक्षतामा भएको कार्यक्रमा विशिष्ट अतिथि विश्व हिन्दू परिषद्का केन्द्रीय सह-मन्त्री अरुण नेटके जी, जनजाति कल्याण आश्रमका महासचिव प्रेम थुलुङ , अर्जुनधारा जलेश्वरधामका मूल अर्चक तथा वैदिक सनातन धर्म संरक्षण समितिका उपाध्यक्ष अग्नि सिग्देललगायतका धार्मिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

मूल अर्चक अग्नि सिग्देलले स्वागत गरेको कार्यक्रमको संचालन वैदिक सनातन धर्म संरक्षण समितिका महासचिव खगेन्द्रप्रसाद निरौलाले गरेका थिए । कार्यक्रममा करिब हजार जनाको उपस्थिति रहेको थियो ।

# तरुण दलका कार्यकर्ताले वडाध्यक्ष सेन्दाङमाथि गरे आक्रमण



झापा(प्रस) । पुरानो रिसिबीका कारण तरुण दलका कार्यकर्ताहरुले ताप्लेजुङको आठराई त्रिवेणी -२ का वडाध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य टेकेन्द्र सेन्दाङमाथि सांघातिक आक्रमण गरेको तथ्य खुलेको छ । ४२ वर्षीय सेन्दाङलाई शनिवार साँझ ६.२० बजे फुङलिङ -४ तोक्मेडाँडामा फुङलिङ बस्ने बर्ष १६-१८ का मिथुन पालुङवा लिम्बू, मन्दीप लिम्बू, हेम आङबुहाङ, बिशाल तामाङ लगायत १०-१२ जनाको युवाहरुको समूहले हमला गरेको थियो । उनीहरु सबै फरार छन् । आइतवार बिहान ६.५५ बजे घाइते वडाध्यक्ष सेन्दाङलाई बीएण्डसी अस्पताल बिर्तामोडमा ल्याई भर्ना गरिएको छ । उनको टाउकोको पछाडिको भागमा चोट लागेको छ भने घाँटी र घुँडा सामान्य पिल्सिएको छ ।
गत २०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा वडाध्यक्ष टेकेन्द्र सेन्दाङको समूहले चुनावी प्रचार प्रसारको दौरानमा मन्दीप लिम्बूलाई कुटपिट गरेका थिए । सोही पुरानो रिसिबीका कारण सेन्दाङमाथि मन्दीपलगायतले आक्रमण गरेको बताइएको छ । ती युवाहरु कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्री खगेनसिंह हाङगाम निकट हुन् । उनीहरु नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दल आवद्ध रहेको बुझिएको छ ।

# सबैजना तीज मनाउन बाहिर ,घरबाट लाखौंको चोरी

झापा(प्रस) । घरका सबै सदस्यहरु तीज मनाउन बाहिर गएका बेला झापा गाउँपालिकाको एक घरबाट लाखौंको चोरी भएको छ ।

शनिवार दिउँसो ४:३० बजे झापा गाउँपालिका ३ कामाटोली बस्ने डिल्लीराज उप्रेतीको घरका सदस्यहरु तीज मनाउन गएको अवस्थामा लाखौंको चोरी भएको हो । घरको बरण्डाको मुल गेटको ताल्चा फोरी दराजभित्र राखेको सुनको सिक्री २ तोला, सुनको ब्रास्लेट ३ तोला, सुनको मंगलसुत्र १ तोला १० आनी, चाँदीको कमर रिङ १० तोला र नगद रु.५० हजार गरी जम्मा १२ लाख ७० हजार बराबरको चोरी भएको पीडित परिवारले जनाएका छन् ।
घटनामा संलग्न भएको आशंकामा सोही ठाउँ बस्ने ३० वर्षीय सुफल हेमरम, २८ वर्षीय दुर्गा सोरेन र १८ वर्षीय जीवन श्रेष्ठलाई आवश्यक सोधपुछ र अनुसन्धानको लागि नियन्त्रणमा लिई प्रहरी चौकी टाघनडुब्बामा राखिएको छ ।

# हराएका ६९ जनामध्ये २० भेटिए

मेचीनगर(प्रस) । माइती नेपाल काँकरभिट्टाले सार्वजनिक गरेको एक तथ्याङ्कमा हराएका ६९ जनामध्ये २० जना नागरिक फेला परेको जनाइएको छ ।
हाम्रो समाज : चेलीबेटी बेचविखनबाट मुक्त समाज भन्ने मुख्य उद्धेश्यका साथ आइतबार माइती नेपालले सामाजिक परीक्षण र सरोकारवालासँगको छलफलमा २०८१/०८२ को उक्त तथ्याङ्कमा सार्वजनिक गरेको हो ।
माइती नेपालका पूर्वाञ्चल क्षेत्रिय निर्देशनालय अधिकृत गोविन्द घिमिरेले मुलुकका विभिन्न जिल्लाबाट हराएर निवेदन परेका ६९ जनामध्ये २० जना भेटिएको जानकारी दिए ।
भेटिएका २० जनामध्ये २ जना नेपाल र बाँकी १८ जना भारतका विभिन्न शहरबाट फेला परेका हुन् ।
हराएका अधिकांश चेलीबेटीहरु सम्बन्ध विगारेर, पैसाको प्रलोभनमा परेर, जागिरको खोजीमा अलपत्र परेका, विहे गरेर बसेका लगायत कारणले वेपत्ता भएको घिमिरेले बताए ।




हराएका केहीले धेरै समयपछि घरमा सम्पर्कमा आएर अभिभावकहरुले कार्यालयलाई जानकारी गराउने, कसैलाई हाम्रै माध्यमबाट अभिभावकलाई सम्पर्क गरिदिने गरिएको उनको भनाई छ ।
यस्तै कार्यालयले सीमा नाकामा १५८ जनालाई भारत जानबाट रोकेको छ । भारतबाट ४ जनालाई उद्धार पनि गरिएको छ ।
घिमिरेका अनुसार विगतमा भन्दा काँकरभिट्टा सीमा नाकामा नेपाल र भारतका सुरक्षाकर्मीहरुको निगरानी कडाइ रहेको छ । त्यस्तै चेलीबेटी बेचविखन सम्बन्धी काम गर्ने धेरै संघ-संस्थाहरुको सहकार्यले पनि प्रहरी र हामीलाई सहज भएको छ ।
पछिल्लो समय चेलीबेटी बेचविखनमा सक्रिय दलालहरुले यो नाकामा कडाइ भएपछि झापाको अन्य सहायक बाटोहरु प्रयोग गर्न थालेका छन् । मानव तस्करीका दलालले झापाका दक्षिणका भेगहरु गौरीगंज, कचनकवल लगायतका ग्रामीण सडक प्रयोग गर्न थालेको बुझिएको छ । कार्यालयले २ वटा बलात्कारका घटना दर्ता र घरेलु हिंसाका ७ वटा घटना रहेको छ । २०८०/०८१ मा ६२ जना हराएकोमा १६ जना भेटिएको कार्यालयको तथ्याङ्कमा उल्लेख रहेको छ । १६८ जनालाई सीमामा रोकेको थियो । घरेलु हिंसाका १४ वटा उजुरी परेका थिए । बलात्कार सम्बन्धी २ वटा घटना दर्ता भएको तथ्याङ्कमा उल्लेख छ । माइती नेपालले जिल्ला प्रशासन कार्यालयमा वैदेशिक रोजगारका लागि विदेश जानेहरुलाई पनि कर्मचारी खटाएर परामर्श दिने गरेको छ ।
सुरक्षित आप्रवासन सम्बन्धी २०८१/०८२ मा पाँच हजार १४० जना र ०८०/०८१ मा सात हजार ६७४ जनालाई परामर्श दिएको तथ्याङ्कमा उल्लेख छ ।
कार्यक्रमका प्रमुख अतिथि सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म काँकरभिट्टाका प्रमुख डीएसपी रामचन्द्र थापाले सीमा नाकमा चेलीबेटीविखन रोक्न, अन्य आपराधिक गतिविधि र अवैध भन्सार छलीका समानको निगरानी, पक्राउ र बरामद मुख्य प्राथमिकता रहेको बताए ।
उनले समाजमा रहेका अनेक प्रकारका विकृत रुढीवादी परम्परालाई हटाउन आफ्नै घरैबाट सुरु गर्नु पर्ने बताए । कार्यक्रममा मेचीनगर-६ का वडाध्यक्ष ललितबहादुर तामाङले वैदेशिक रोजगारको प्रलोभनमा परेर भारतका कोठी र अन्य ठाउँमा अलपत्र परेकाहरुलाई उद्धार गर्नमा सहकार्य गरेको बताए ।
उनले आफ्नै नगरमा विभिन्न तालिम दिएर रोजगारको सिर्जनाका लागि गरिखाने वातावरण

❖ बाँकी अन्तिम पृष्ठमा

# जुनु सेकेन्ड रनरअप र प्रशान्त फोर्थ रनरअप

झापा(प्रस) । इन्ट्रा फाउन्डेसनले आयोजना गरेको मेरो भ्वाइस युनिभर्सको उपाधि जापानका प्रथम गुरुङले जितेका छन् ।
शनिवार राति ललितपुरको सनराइज सम्मेलन केन्द्र, गोदावरीमा सम्पन्न फिनालेमा प्रथम मेरो भ्वाइस युनिभर्सका विजेता बनेका हुन् । त्यस्तै फस्ट रनरअप हङकङबाट टपराज तामाङ, सेकेन्ड रनरअप कतारबाट प्रतिनिधित्व गरेकी झापाकी जुनु प्रसाई , थर्ड रनरअप दार्जिलिङबाट वाङ्गे गुरुङ, फोर्थ रनरअप झापाका प्रशान्त पोखरेल र फिफ्थ रनरअप सिक्कमबाट दीपराज राई भएका छन्। त्यस्तै मेरो डान्स युनिभर्समा रिस्ता गुरुङ विजेता बनेकी छन् ।
मेरो डान्स युनिभर्समा फस्ट रनरअप अमृता राई, सेकेन्ड रनरअप सीतु महर्जन, थर्ड रनरअप सुरज सिंजाली मगर, फोर्थ रनरअप सुशना कोइराला र फिफ्थ रनरअप साजन पाख्रिन तामाङ भएका छन्। दुवैतर्फका विजेताहरुले जनही नगद रु १ करोड, रु २५ लाख बराबरको जीवन बिमा, हवाई टिकट र अन्य पुरस्कार प्राप्त गरेका छन्।
त्यस्तै कल्चरल ग्रुप डान्समा भुटनिज रेफुजी डान्स ग्रुप विजेता बनेको छ। फस्ट रनरअप मनास्लु वर्ड कलेज, सेकेन्ड रनरअप युमा महारानी नृत्य समूह, थर्ड रनरअप नेपाल प्रहरी र फोर्थ रनरअप तरेली सांस्कृतिक ग्रुप रहेका छन्।




विजेतालाई सभामुख देवराज घिमिरे, गृहमन्त्री रमेश लेखक, सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरुङ, संस्कृति मन्त्री बद्रीप्रसाद पाण्डे र ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन लगायतले पुरस्कार तथा ट्रफी प्रदान गरेका छन्।

अन्य विजेताहरूले पाएको पुरस्कार
मेरो डान्स युनिभर्स
फस्ट रनरअपः अमृता राई (२५ लाख नगद)
सेकेन्ड रनरअपः सीतु महर्जन (१० लाख नगद)
थर्ड रनरअपः सुरज सिंजाली मगर (६ लाख नगद)
फोर्थ रनरअपः सुशना कोइराला (५ लाख नगद)
फिफ्थ रनरअपः साजन पाख्रिन तामाङ (४ लाख नगद)

मेरो भ्वाइस युनिभर्स
फस्ट रनरअपः टोपराज तामाङ (२५ लाख नगद)
सेकेन्ड रनरअपः जुनु प्रसाईं (१० लाख नगद)
थर्ड रनरअपः वाङ्गे गुरुङ (६ लाख नगद)
फोर्थ रनरअपः प्रशान्त पोखरेल (५ लाख नगद)
फिफ्थ रनरअपः दीपराज राई (४ लाख नगद

कल्चरल ग्रुप डान्स
विजेताः भुटनिज रेफुजी डान्स ग्रुप (२५ लाख नगद)

फस्ट रनरअपः मनास्लु वर्ल्ड कलेज (१५ लाख नगद)
सेकेन्ड रनरअपः युमा महारानी नृत्य समूह (१० लाख नगद)
थर्ड रनरअपः नेपाल प्रहरी (५ लाख नगद)
फोर्थ रनरअपः तरेली सांस्कृतिक ग्रुप (३ लाख नगद)

# मेचीनगरका पुराना होटल व्यवसायीहरूलाई सम्मान

मेचीनगर(प्रस) । होटल व्यवसायी संघ मेचीनगरले पुराना होटल व्यवसायीहरूलाई सम्मान गरेको छ । नेपाली महिलाहरूको महान पर्व हरितालिका तीजको अवसर पारेर संघको सभाहल मेचीनगर- ६ काँकडभिट्टामा आयोजित कार्यक्रममा उनीहरूलाई सम्मान गरिएको हो ।

यसरी सम्मानित हुनेहरूमा लोकमाया सुब्बा, सुनमाया तामाङ, माइली तामाङ, कुमारी श्रेष्ठ, पवित्रा ओली, सीता राई छन् ।

शुरूमा काँकडभिट्टामा होटल सञ्चालन गरेर अन्यलाई समेत होटल व्यवसायमा लाग्न प्रेरणा प्रदान गरेकाले होटल व्यवसायप्रतिको योगदानको मूल्यांकनसहित उनीहरूलाई सम्मान गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखेल उप्रेती, विशिष्ट अतिथि होटल व्यवसायी महासंघ केन्द्रीय सदस्य डम्बरकुमारी (पद्म)श्रेष्ठ, होटल व्यवसायी संघ झापाका अध्यक्ष



इन्दिरा श्रेष्ठलगायतले अविर टीका र दोसल्लासहित सम्मान गरेका थिए ।

कार्यक्रमका वक्ताहरुले ज्येष्ठ नागरिकमा रहेको इमान्दारिता र अनुशासनको मुहानलाई नयाँ युवा पुस्तामा हस्तान्तरण गर्न परिवार, समाज र राज्यबाट सामूहिक प्रयासको आवश्यकता औल्याएका थिए । समाजका ज्येष्ठ नागरिकहरू जीवित इतिहास हुन् । ज्ञान, सीप र अनुभव भएका हाम्रा लागि प्रेरणा स्रोत र शक्ति पुञ्ज हुन् । आजका युवाले अनुभव र विचारबाट राम्रो जीवन सिप सिक्नुपर्ने उनीहरुको भनाई थियो । ज्येष्ठ नागरिक जनसमुदायका अग्रज र अभिभावक भएको भन्दैं उनीहरूको जीवनलाई थप मर्यादित र सहज बनाउन सबै परिवार, समाज, स्वास्थ्य र सामाजिक संस्था, अस्पताल, प्रहरी, प्रशासन, सञ्चारमाध्यम र राष्ट्रियदेखि स्थानीय सरकारका सबै तहले समन्वयात्मक रूपमा सहकार्य गर्नुपर्ने वक्ताहरुको भनाई थियो ।

कार्यक्रममा बोल्दैं उनीहरुले होटलमा एउटा सामान्य मानिसदेखि राष्ट्र प्रमुख, सरकार प्रमुखसहित अन्य उच्च तहका मानिसहरू पनि घर छाडेका दिन एकरात होटलमा नै बस्ने गरेकाले व्यवसायीहरूले आफ्ना होटलमा आउने जो कोहीलाई पनि सम्मानसहित असल संस्कार दिन सक्नुपर्ने बताएका थिए । हरेक चाडपर्वका आ -आफ्ना विशेषता र महत्वहरू हुन्छन् । यो हरितालिका तीजको पनि आफ्नै महत्व र विशेषता छ । यो तीजले सात समुन्द्र पारी रहेका चेली र माईतीलाई एक ठाउँमा भेला हुने अवसर प्रदान गरेको उहाँहरूको भनाई थियो ।

एउटी चेलीको सुःख दुःख र पीडालाई गीतको माध्यमबाट व्यक्त गर्ने भएपनि केही वर्षयता तीज मनाउने परम्परागत शैलीमा व्यापक परिवर्तन आएको उनीहरूको भनाई थियो । हुँदा खाने र हुने खानेकाबीचमा खाडल रहेको भन्दै तीजको ऐतिहासिक मौलिकपन दिन प्रतिदिन खस्किँदै जान थालेकोमा वक्ताहरूले चिन्ता व्यक्त गरे । तीज मनाउने नाममा महिलाले अरूको देखासिकि, तडकभडकभन्दा संस्कृति बचाउन अघि बढ्नुपर्ने र अब महिलाले तीज मनाउँदा पश्चिमा संस्कृति छोड्नुपर्ने उनीहरूको धारणा थियो ।

संघका अध्यक्ष सुरेशकुमार (गोपाल) श्रेष्ठ फेवाको अध्यक्षतामा भएको कार्यक्रममा मेचीनगर नगरपालिका वडा नम्बर -६ का वडाध्यक्ष ललितबहादुर तामाङ, होटल व्यवसायी महासंघ केन्द्रीय सदस्य डम्बरकुमारी (पद्मा) श्रेष्ठ , होटल व्यवसायी संघ झापाका अध्यक्ष इन्दिरा श्रेष्ठ, मेची उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विजय डालमियालगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन संघका सचिव बिमला तामाङ र स्वागत वरिष्ठ उपाध्यक्ष मानबहादुर गिरीले गरेका थिए ।

## नाबालिकालाई सामूहिक बलात्कार गर्ने कचनकवलका दुई पक्राउ

झापा(प्रस)। १६ वर्षीया नाबालिकालाई जंगलमा सामूहिक बलात्कार गर्ने कचनकवलका दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा कचनकवल गाउँपालिका ७ बस्ने ७१ वर्षीय पहलमान पौडेल खत्री र सोही ठाउँ बस्ने ५५ वर्षीय रत्नबहादुर तामाङ रहेका छन् ।

उनीहरुले पाथीभरा सामुदायिक वनमा लगी ललाई फकाई तथा डरत्रास देखाई नाबालिकालाई जवरजस्ती करणी गरेका थिए ।

आइतवार दिउँसो नाबालिकाकी आमाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि इलाका प्रहरी कार्यालय बनियानीबाट प्रहरी टोली खटिएर खत्री र तामाङलाई नियन्त्रणमा लिएको हो । दुवैजनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय पठाइएको छ ।

# पाँच सय बढीलाई निःशुल्क कृतिम हातखुट्टा बितरण गरिने




झापा(प्रस) । मारवाडी युवा मञ्च बिर्तामोड र मारवाडी युवा मञ्च सिलिगुडीको संयुक्त आयोजनामा नेपालका पाँच सय बढीलाई निःशुल्क कृतिम हातखुट्टा बितरण गरिने भएको छ ।
नेशनल मारवाडी फाउण्डेशनको सहयोगमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क रुपमा कृतिम हातखुट्टा बितरण गरिने भएको हो । उनीहरुलाई सिलिगुडीमा १४ सेप्टेम्वरमा एक विशेष कार्यक्रमको आयोजना गर्दै कृतिम हातखुट्टा बितरण गर्न लागिएको बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी दिइयो ।
पत्रकार सम्मेलनमा मारवाडी युवा मञ्च बिर्तामोडका पूर्व महासचिव प्रविण अग्रवालले विशेष कारणले हात खुट्टा गुमाएका जो कोहीलाई निःशुल्क कृतिम हातखुट्टा प्रदान गरिने बताएका छन् । उनीहरुलाई भदौ २९ गते बिर्तामोडस्थित अग्रसेन भवनबाट सिलिगुडीसम्म लाने र कृतिम हातखुट्टा प्रदान गरेर अग्रसेन भवनसम्म ल्याउने ब्यवस्था मिलाइएको अग्रवालको भनाई छ । जसका लागि यातायातको प्रवन्ध गरिएको छ । खान र बस्न समेत मारवाडी युवा मञ्च सिलिगुडीले व्यवस्थापन गरेको उनको भनाई छ । दुई वर्षअघि पनि नेपालबाट एक सयभन्दा बढीले यो सेवा लिएका थिए । यस वर्ष कम्तीमा पाँच सय जनालाई सेवा उपलब्ध गराउने लक्ष्य रहेको अग्रवालले बताए ।
पत्रकार सम्मेलनमा मारवाडी युवा मञ्च सिलिगुडीका अध्यक्ष प्रणय गोयल, पूर्व अध्यक्ष मनिष बजाज, कार्यकारिणी सदस्य मिन्टु वजाज, मारवाडी युवा मञ्च बिर्तामोडका पूर्व अध्यक्ष टेकेन्द्र अग्रवाल, उपाध्यक्ष विशाल गोयल लगायत सहभागी थिए ।

कृतिम हात खुट्टा आवश्यक पर्नेहरुले मारवाडी युवा मञ्च बिर्तामोडमा सम्पर्क राख्न सकिने जनाइएको छ । जसका लागि मञ्चका पूर्व महासचिव प्रविण अग्रवाललाई ९८०१४०००००५ मा र यज्ञराज अग्रवाललाई ९८०४९४९४४९ मा सम्पर्क गर्न सकिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

## भद्रपुरमा लागूऔषधसहित ६ जना पक्राउ

झापा(प्रस) । झापाको भद्रपुरमा लागूऔषधको कारोबार गर्ने ६ जना पक्राउ परेका छन् । आइतवार साँझ ७.३० मा भद्रपुर नगरपालिका वडा नं. ८ बस्ने २१ वर्षीय राज श्रेष्ठले आफ्नो घरमा लागूऔषध ब्राउनसुगर बिक्री गरिरहेको अबस्थामा प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा भद्रपुर नगरपालिका वडा नं. १० बस्ने २३ वर्षीय अलताप सेख , वडा नं. ७ बस्ने १९ वर्षीय रमित राजवंशी , सोही ठाउँ बस्ने २९ वर्षीय सुमित पासी , घरधनी वडा नं ८ बस्ने २१ वर्षीय राज श्रेष्ठ , धादिङ रुवीभ्याली गाउँपालिका वडा नं. ५ बस्ने २४ वर्षीय गुम लामा र काठमाण्डौ तारकेश्वर नगरपालिका वडा नं. ६ बस्ने १९ वर्षीय न्यान्जी तामाङ रहेका छन् । उनीहरुको साथबाट प्रहरीले प्लाष्टिकबाहेक २० ग्राम ४८० मिलिग्राम ब्राउनसुगर ,बिभिन्न कम्पनीको मोवाइल ८ थान , नगद १४ हजार १७० ,खुकुरी १ थान , पिलास १ थान , स्क्रु डाईभर १ थान बरामद गरेको छ । उनीहरुलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# लोकतान्त्रिक खेलकुद संघको क्षेत्रीय समिति गठन



विर्तामोड(प्रस) । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले राष्ट्रिय राजनीतिमा झापालाई महत्वपूर्ण दृष्टिकोणले हेरिने बताउँदै एकजुट भएर खेलकुद संघको उपल्लो तहको निर्वाचनमा प्रस्तुत हुन झापाका खेलकुदकर्मीलाई आग्रह गरेका छन् ।
नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल लोकतान्त्रिक खेलकुद संघको आजदेखि इटहरीमा हुने कोशी प्रदेश अधिवेशन एवं केही समयपछि हुने केन्द्रीय महाधिवेशनको पूर्वसन्ध्यामा आइतवार जिल्ला पार्टी कार्यालयमा आयोजित खेलाडीहरुको भेलालाई शुभकामना दिदै सभापति थेवेले एकता प्रदर्शन गरेर झापाको साख जोगाउन खेलाडीहरुलाई आग्रह गरेका हुन् ।
यसैबीच नेपाल लोकतान्त्रिक खेलकुद संघको २ नम्बर क्षेत्रीय अधिवेशन आइतवार सम्पन्न भएको छ । अधिवेशनले दिपेन धिमालको नेतृत्वमा सर्वसम्मत समिति गठन गरेको हो । गठित समितिको उपाध्यक्षमा राम श्रेष्ठ, सचिवमा आकाश उप्रेती, सहसचिवमा अभिषेक पकुवाल र कोषाध्यक्षमा सरस्वती चौधरी चयन भएका छन् ।
समितिको सदस्यहरुमा दिपु सापकोटा, अर्पण कार्की, विशाल कार्की, विनोद दाहाल, गोपाल गिरी, दिपेश श्रेष्ठ, प्रज्वल मगर, प्रतिक कन्दङवा, अविशेक आचार्य, मनिष मेचे, करण फुयाल, विवेक कार्की, रमेश बानिया, विद्यानन्द चौधरी, सम्मान प्रसाई, टिकाराम खतिवडा, अरुण डाँगी, प्रवेश मगर, सञ्जय भण्डारी, विष्णु कार्की, गोपाल बस्नेत, विवेक मानन्धर, विवेक बस्नेत, दिपेन खतिवडा, भुषण खतिवडा, करण राजवंशी, देवान मुर्मु, विमल टुडु, क्षितिज पाठकलगायत चयन भएका छन् ।
जिल्ला खेलकुद विकास समिति झापाका अध्यक्ष एवं नेपाल लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय सदस्य भेषराज भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका सदस्य धर्म लक्सम्बा, नेपाल तरुण दल केन्द्रीय सदस्य सजेश शिवाकोटी, नेपाल लोकतान्त्रिक खेलकुद संघ झापाका अध्यक्ष मनोज सुब्बा गौरव, नेपाली कांग्रेस विर्तामोड नगर समिति सभापति भोजराज सिटौलालगायतले मन्तब्य राखेका थिए ।
नेपाली कांग्रेस २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनालीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत प्रदेशसभा ख का सभापति किरण श्रेष्ठ र सञ्चालन सचिव चन्द्र चुडालले गरेका थिए । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष धिमालले प्रतिबद्धता मन्तब्य राखेका थिए ।

# होटलबाट लागूऔषधसहित फेरि एकजना पक्राउ

झापा(प्रस) । बिर्तामोड नगरपालिका- ३ सैनिकमोडबाट लागूऔषधसहित फेरि एकजना पक्राउ परेका छन् ।

आँखा अस्पतालनजिक रहेको सेभेन इन होटलबाट शनिवार साँझ एक युवक लागूऔषधसहित पक्राउ परेका हुन् । होटलको क्याबिनमा बिर्तामोड ५ शुभबिहानी टोल बस्ने ३३ वर्षीय सुरज गुरुङले लागूऔषध बिक्री बितरण गरिरहेको भन्ने बिशेष सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी सहायक निरीक्षक पदम विष्टको टोलीले चेकजाँच गर्दा उनको साथबाट प्लास्टिकबाहेक ३९० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनले प्रयोग गरेको प्र१-०१-०१२प १०४६ नं को मोटरसाइकलसमेत नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । यसअघि गत साउन २६ गते मेची आँखा अस्पतालनजिकै रहेको मेचीवान होटलबाट लागूऔषधसहित पाँचजना युवालाई प्रहरीले पक्राउ गरेको थियो ।

# मोटरसाइकल र सिटी सफारी ठोक्किँदा पाँचजना घाइते

झापा(प्रस) । झापाको मेचीनगरमा मोटरसाइकलले सिटी सफारीलाई ठक्कर दिँदा पाँचजना घाइते भएका छन् ।
शनिवार राति ८ बजे मेचीनगर १० ताराबारीस्थित भित्री सडकखण्डमा कालिका सिमसारबाट धाइजन ढाटतर्फ आउँदै गरेको मे ३ प ८३२ ९ नं. को मोटरसाइकलले बिपरित दिशातर्फ जाँदै गरेको प्र.१-०१-००२ ह २१५९ न. को सिटी सफारीलाई ठक्कर दिएको हो । दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर १० बस्ने २१ वर्षीय बिशाल राजवंशी ,सोही मोटरसाइकलमा पछाडि सवार वडा नं .११ बस्ने २४ वर्षीय बिकास तामाङ र वडा नं .१० बस्ने २१ वर्षीय बिश्वास तामाङ घाइते भएका छन् ।त्यस्तै सिटीमा सवार यात्रु इलाम माईजोगमाई ५ बस्ने ४५ वर्षीया बेदकुमारी दंगाल र सोही ठाउँ बस्ने ४५ वर्षीय लोकनारायण दंगाल पनि घाइते भएका छन् । सबै जना घाइतेहरुको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । सिटी, सिटी चालक मेचीनगर १० ताराबारी बस्ने ७२ वर्षीय खितिस राजवंशी र मोटरसाइकल इलाका प्रहरी कार्यालय धुलाबारीको नियन्त्रणमा रहेको छ ।

# लागूऔषधसहित धुलावारीका लिम्बू दाजुभाइ पक्राउ



झापा(प्रस) । लागूऔषध ब्राउनसुगरसहित धुलावारीका दुई दाजुभाइ पक्राउ परेका छन् । शनिवार साँझ ७ बजे मेचीनगर -१० पाथिभरा टोलस्थित बाँसघारीमा लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक पाण्डवकुमार राजबंशीको कमाण्डमा खटिएको प्रहरी टोलीले सोही ठाउँ बस्ने २८ वर्षीय लुङ्गा भन्ने सन्दिप लिम्बूलाई शंका लागेर चेकजाँच गर्ने क्रममा उनको साथबाट प्लाष्टिकबाहेक ४ ग्राम ४० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । सँगै रहेका उनका भाइ २४ वर्षीय अर्जुन लिम्बू समेतलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धुलाबारीमा ल्याई आवश्यक थप अनुसन्धान भइरहेको जनाइएको छ ।

### हराएका...

बनाइरहेको दावी गरेका थिए ।
विद्यार्थीहरुलाई विद्यालयमा पुगेर सचेतना दिइरहेको माइती नेपालको सामाजिक काममा सहकार्य गरिरहेको काँकरभिट्टा माविका प्रधानाध्यापक देवेन्द्र निरौलाले बताए ।
कार्यक्रममा सरोकारवाला विभिन्न सामाजिक संघ-संस्था र सुरक्षाकर्मीहरुको बाक्लो उपस्थिति रहेको थियो ।
माइती नेपालका क्षेत्रिय अधिकृत गोविन्द घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन परामर्शकर्ता सारथी राजबंशीले गरेकी थिइन् ।

# कार र अटो एकापसमा जुध्दा ९ जना घाइते

झापा(प्रस) । इलामको सूर्योदय नगरपालिकामा कार र अटो एकापसमा जुध्दा ९ जना घाइते भएका छन् ।
शनिवार राति ८ बजे इलाम सूर्योदय नगरपालिका वडा नं.१० फिक्कल बजारनजिकै मेची राजमार्गमा फिक्कलबाट कन्यामतर्फ आउँदै गरेको प्रदेश १-०१-००२ ह ८२६२ नं.को अटो र बिपरीत दिशाबाट जाँदै गरेको डब्लुबी ७४एएच ०६६२ नं.को कार एकआपसमा ठक्कर खाई दुर्घटना भएको हो । अटोमा चालकसहित ७ जना सवार रहेकोमा सातैजना घाइते भएका छन् भने कारमा चालकसहित ६ जना सवारमध्ये २ जना घाइते भएका छन् । कारमा सवार अन्य ४ जना सकुशल रहेका छन् । घाइते हुनेहरु निम्न छन् ।



अटोमा सवार निम्न घाइतेहरु-
१.अटो चालक जिल्ला सूर्योदय न.पा.वडा नं.४ गोगने बस्ने बर्ष अं.२६ का चन्द्रा लिम्बूको नाक,हातखुट्टामा चोट,अवस्था मध्यम बोल्न सक्ने ।
२. पाँचथर फिदिम न.पा.वडा नं.१० बस्ने बर्ष अं.३८ की पबित्रा लिम्बूको घुँडा,छाती र हातखुट्टामा चोट अवस्था मध्यम बोल्न सक्ने ।
३.ऐ.ऐ.बस्ने पबित्रा लिम्बूका छोरा बर्ष अं.१० का बिपसन लिम्बूको नाक काटिएको अवस्था मध्यम बोल्न सक्ने ।
४. इलाम सूर्योदय न.पा.वडा नं.१२ बस्ने बर्ष अं.७० की कमला ढकालको हातखुट्टामा चोट अवस्था मध्यम बोल्न सक्ने ।
५.ऐ.ऐ.बस्ने बर्ष अं.३० की प्रमिला कार्कीको शरीरको बिभिन्न भागमा चोट अवस्था मध्यम बोल्न सक्ने ।
६.ऐ.ऐ. प्रमिला कार्कीका छोरा बर्ष अं.१ का बालक ( तत्काल नाम नखुलेको ) शरीरको बिभिन्न भागमा चोट, अवस्था मध्यम ।
७.ऐ.ऐ.४ बस्ने बर्ष अं.१५ की खेसी याङ लिम्बूको खुट्टामा चोट अवस्था मध्यम बोल्न सक्ने ।

कारमा सवार घाइतेहरु-
१ इलाम सूर्योदय न.पा.वडा नं.२ बस्ने बर्ष अं.३० का भिम पाण्डेको निधार र नाकमा चोट,अवस्था सामान्य।
२ इलाम सूर्योदय न.पा. वडा नं. २ बस्ने बर्ष ४५ का संजय दाहालको निधारमा चोट अबस्था सामान्य

प्रहरी चौकी फिक्कलमा जानकारी प्राप्त हुनसाथ ट्राफिकसहितको प्रहरी टोली खटिएर घाइतेहरुलाई उद्धार गरी श्रीनिधि अस्पताल र पार्वती पोलिक्लिनिक,फिक्कलमा सामान्य उपचारपश्चात थप उपचारको लागि बीएण्डसी अस्पताल झापातर्फ पठाएको छ । दुबै सवारी साधन र कार चालक इलाम सूर्योदय वडा नं.२ बस्ने बर्ष अ. ४८ का दिनेश खड्का(मा.प.से गरेको ) लाई प्रहरी चौकी फिक्कलको नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## पूर्वराजा ज्ञानेन्द्र शाह आज झापा आउँदै



झापा(प्रस) । पूर्वराजा ज्ञानेन्द्र शाह आज झापा आउँदै छन् ।
दमक नगरपालिका -९ मा रहेको हिमालयन महालक्ष्मी टि इस्टेटस्थित मिनी दरवारमा पूर्वराजा ज्ञानेन्द्र शाह आउन लागेका हुन् । उनी त्यहाँ १० दिन बस्ने बताइएको छ । पूर्वराजा चढ्ने र सचिवालयका गरी जम्मा ८ वटा गाडीहरू शुक्रवार साँझ हिमालयन महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा काठमाडौंबाट ल्याइएको छ ।
यसअघि राजावादीहरुको आन्दोलन चलिरहेका बेला उनी गत जेठको दोस्रो साता झापा आएका थिए । त्यतिबेला उनी दमकमा १५ दिन बसेका थिए ।

**नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**
**विर्तामोड, झापा**

**आय संकलन काउन्टरहरु बन्द हुने सूचना**

प्रस्तुत सम्बन्धमा यस अनारमनी वितरण केन्द्रअन्तर्गत सुरुङ्गा प्रशाखाको महशुल संकलन काउन्टरको लागि प्रयोग भैरहेको सरभर मिति २०८२।०५।०८ मा अकस्मात बिग्रिएर मर्मतको लागि काठमाण्डौ पठाईएको हुँदा अर्को व्यवस्था नभईन्जेलसम्मको लागि यस अनारमनी वितरण केन्द्रको सुरुङ्गा प्रशाखा काउन्टर बन्द रहने भएकोले छुट तथा थप दस्तुरको लागि महशुल काउन्टर खुलेको दिनसम्म :उयधभच क्थकतभ मा बिदा जनाईने हुँदा सो प्रयोजनको लागि काउन्टर खुलेको पहिलो दिन महशुल बुझाउनु हुन सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । साथै महशुल संकलन काउन्टर खुल्ने सूचना स्थानीय पत्रिका प्रतिदिन दैनिकमा प्रकाशित गरिने र कार्यालयको फेसबुक पेज अनारमनी वितरण केन्द्रमा समेत राखिने व्यहोरा जानकारी गराईन्छ ।
नोटः काउन्टर खुल्ने बारेको जानकारी लिनको लागि निम्न सम्पर्क नम्बरः ०२३ ५५२३७१, ९८४२६२४६२८, ९८५२६५७५७७ मा (कार्यालय समय भत्र) सम्पर्क गर्न अनुरोध छ ।

**नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**
**विर्तामोड, झापा**




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दर के खाने, के नखाने ?

हिन्दु महिलाहरूको महान चाड हरितालिका तीजको अघिल्लो दिन दर खाने चलन छ। तीजको अघिल्लो दिन आज सोमबार दर खाएर भोलिपल्ट व्रत बसी पूजा र नाचगान गर्ने गरिन्छ।
विशेषगरी छोरी चेली तथा दिदीबहिनीलाई घरमा बोलाएर खीर, गुँद, हलुवा, मिठाई, फलफूललगायत मिष्ठान्न परिकार बनाएर राति अबेरसम्म दर खाने गरिन्छ। मध्य रातमा दर खाएका महिलाले तीजको मुख्य दिन भोलि निराहार व्रत बसी, भगवान शिवको पूजा आराधना तथा नाचगान गर्ने गर्छन्।
सत्ययुगमा देवी पार्वतीले शिवजीलाई पतिको रूपमा पाउँ भनी निराहार व्रत बसेको र उनको कामना पूरा भएको धार्मिक मान्यता अनुसार हिन्दु महिलाहरूमा व्रत बस्ने परम्परा रहीआएको छ। तीजमा अविवाहित महिलाले योग्य पति तथा विवाहितहरूले पतिको सुस्वास्थ्य, दीर्घायु , प्रगति र परिवारमा सुख शान्तिको कामना गर्दै व्रत बस्ने चलन छ।

हिजोआज तीज आउनुभन्दा हप्तौं अघिदेखि नै दर खाने र खुवाउने कार्यक्रम हुने गर्दछन्। शहरबजारमा हुने यस्ता दर कार्यक्रममा सात्विक तथा तामसिक भोजन समावेश हुन्छन्।
दरका नाममा मादक पदार्थको प्रयोग तथा खानाको अति प्रयोगले व्यक्तिको शारीरिक स्वास्थ्यमा त असर पुर्याउँछ नै, सामाजिक स्वास्थ्य समेत खलबलिन्छ। दरका नाममा धेरै खानु वा भारी खानु अनावश्यक मात्र होइन, घातक पनि हुन सक्छ।
वर्षाको मौसम भएकाले बजारमा आउने खानेकुरा तथा सागसब्जी अस्वस्थ पनि हुन सक्छन्। त्यसैले राम्रोसँग पखालिएको र पकाइएको खानेकुरा मात्र खानुपर्छ। घरमै बनाइएको ताजा खाना खानुपर्छ। बासी, सडेका, ढुसी परेका खानेकुराबाट टाढा रहनुपर्छ। दरका लागि बनाइएको खानेकुरा नसिद्धिएर पछिका लागि राखेर खाँदा स्वास्थ्य समस्या हुन सक्ने भएकोले ताजा र स्वच्छ खानेकुरा मात्र खानुपर्छ।

सकेसम्म महिनादिन अघिदेखि दर नखाएकै राम्रो। खाए पनि शरीरलाई असर नपुग्ने गरी खान विज्ञ सल्लाह दिन्छन्। शरीरले धान्नै नसक्ने गरी धेरै खाँदा झाडापखालाजस्ता समस्या हुनुका साथै अन्य स्वास्थ्य समस्या समेत हुन सक्छ। शरीरमा अनावश्यक बोसो जमेर अन्य रोग लाग्ने गरी खानेकुरा खान नहुने चिकित्सको सुझाव छ।

आजभोलि दरमा माछा मासुजस्ता परिकार पनि समावेश हुने गर्दछन्। यस्तो परिकार धेरै मात्रामा खानु स्वास्थ्य समस्या निम्त्याउनु हो। माछा मासु र अन्य परिकार खाँदा धेरै मरमसला हालेर पकाइएको सकेसम्म नखानु राम्रो हुन्छ। दरमा समावेश खानेकुरामा नुन, पिरो र मसलाको मात्रा कम गर्नु नै राम्रो हुन्छ।
तेलमा तारेको खानेकुरा धेरै खाँदा स्वास्थ्यमा विभिन्न समस्या देखिन सक्छ। अघिल्लो दिनको दरले भोलिपल्ट तिर्खा लाग्नु स्वभाविक हो। तर, व्रत बस्दा पानीसम्म पनि नपिउन स्वास्थ्यका लागि अहितकर हुन्छ।




# डेंगु रोकथाम योजना



• डा.प्रकाश बुढाथोकी

वर्षा मौसम भनेको पानीको मौसम मात्रै होइन, रोगव्याधिको मौसम पनि हो। वर्षा लाग्यो कि कीटजन्य रोग विशेषत डेङ्गुकै डर हुन्छ। पूर्वदेखि पश्चिमसम्म लामखुट्टेको बिगबिगी छ। डेङ्गु रोग फैलिई अस्पतालमा बिरामीको चाप बढेको छ। आफूलाई नपरी नचेत्ने नागरिकको बानीले ठुलो समस्या निम्त्याइरहेको छ। जलवायु परिवर्तनका कारण संसारका विभिन्न क्षेत्रमा प्रत्येक वर्ष २१ फिटमाथि डेंगी गराउने लामखुट्टे सर्दै छ। न्यूनतम तापक्रम एक डिग्री मात्रै बढ्दा पनि २७ प्रतिशत लामखुट्टेजन्य रोग बढ्छ। तापक्रम बढ्दा वृद्धि विकास चाँडो, थप सङ्क्रामक, जीवनचक्र छिटो हुने र लामो समय बाँच्ने मौका मिलेको छ। बाह्रै महिना र उच्च हिमालीमा पनि देखिन थालेको छ। चिसो मौसममा शून्यमा झर्ने डेङ्गु गत वर्षदेखि जाडोमा पनि देखा परेपछि स्वास्थ्य प्रणालीमा चुनौती थपिँदै गएको छ।

विश्व स्वास्थ्य सङ्गठनले डेङ्गुबाट १२८ देशका करिब तीन अर्ब ९७ करोड जनसङ्ख्या जोखिममा रहेको, हरेक वर्ष पाँचदेखि १० करोड बढीमा सङ्क्रमण हुने र पाँच लाख बढीमा कडा प्रकृतिको डिएचएफ भई २२ हजार बालबालिका तथा २४ हजार मानिसको मृत्यु हुने गरेको जनाएको छ। नेपालमा पहिला पटक डेङ्गु सङ्क्रमण २००४ मा देखिए पनि सङ्क्रमण फैलिएको र निरन्तर देखिइरहेको सन् २००६ पछि हो। १ जनवरी २०२५ देखि ८ अगस्तसम्ममा दुई हजार ७३८ पुष्टि भएका छन्। प्रदेशमा गण्डकी, बाग्मती र कोशी तथा जिल्लामा कास्की, काठमाडौं, तनहुँ क्रमशः सबैभन्दा बढी सङ्क्रमण भएका प्रदेश तथा जिल्ला छन्। यस आवमा मनाङ, हुम्ला र डोल्पाबाहेक सबै जिल्लामा सङ्क्रमण देखिइसकेको छ।

**लामखुट्टेका स्मार्ट आनीबानी**

मानिसमा डेङ्गुको सङ्क्रमण डेङ्गु विषाणुबाट सङ्क्रमित लामखुट्टे एडिस एजिप्टी र एडिज अल्वोपिक्टसको टोकाइबाट लाग्छ। अल्वोपिक्टसले एक टोकाइमा पेट भर्ने भएकाले यसको टोकाइबाट त्यति रोग सर्दैन। दिउँसो सक्रिय र राति नआउने। आकार सानो, झट्ट नदेखिने र दिउँसोमा आउने भएकाले आवाज सुनिँदैन। प्याट्ट मार्दा रगत आउँदैन। कालो, फुस्रो धुलो जस्तो देखिन्छ। टोकेपछि शरीरमा चिलाए जस्तो हुने, मसिना बिबिरा आउने, केही समय नराम्ररी चिलाउने तथा कहिलेकाहीँ बिबिरा बढेर ठुला फोका पर्छन्।
सफा पानीमा बढ्ने, फुल पार्ने गर्छ। हुर्कन पाँच मिली जमेको पानी र तापक्रम १६ देखि ४० डिग्री भए पुग्छ। लामखुट्टे तीन हप्ता बाँच्ने र ट्रान्सभाइरलबाट सङ्क्रमित लामखुट्टेले फुलमा पनि भाइरस सार्छ। प्रायः बिहान ७ देखि १० र साँझ ३ देखि ५ बजे बढी सक्रिय हुन्छन्। सफा पानीमा बस्ने भएकाले यस लामखुट्टेलाई एसियन टाइगर वा भिआइपी लामखुट्टे पनि भनिन्छ।

**डेंगु विषाणु के हो ?**

डेङ्गु विषाणुको टाइप एक, टाइप दुई, टाइप तीन र चार भाइरसको तीव्र सङ्क्रमणले डेङ्गु रोग लाग्छ। मांसपेशी र हड्डीमा निकै पीडा हुन्छ। चार प्रकारको डेंगु विषाणुको सङ्क्रमणपश्चात् लक्षण नदेखिने ज्वरो, डेङ्गु ज्वरो, डेङ्गु हेमोरेजिक ज्वरो र डेङ्गु शक सिन्ड्रोम प्रकारको हुन सक्छ।

**लक्षण**

हरेक १० मा दुईमा लक्षण देखिने, १० जना लक्षण देखिएकामा दुई जनालाई जटिलता हुन सक्ने र मृत्युदर एकदेखि दुई प्रतिशत देखिन्छ। गर्भवती, साना बच्चा र दोहोरिएर भएको सङ्क्रमणमा जटिल समस्या आउन सक्छ। शरीरमा भाइरस पसेको पाँचदेखि आठ दिनमा अल्छी लाग्ने, टाउको दुख्ने, आँखा पाक्ने, रुघाखोकी लाग्ने लक्षण देखिन्छ। एक्कासि चिसोको अनुभूतिका साथ कम्पन हुने, उच्च ज्वरो आउने, तीव्र टाउको दुख्ने, आँखाको पछाडिको भाग दुख्ने, खुट्टा मांसपेशी, हाड, ढाड र जोर्नी दुख्न थाल्छ। डेङ्गु भनेकै दुखाइभन्दा फरक नपर्ने भएको छ। ज्वरो, बिबिरा र टाउको वा शरीर दुख्ने डेङ्गुको त्रिभुज हुन। मुटुको चाल कम, मानिस चिन्तित, छालामा राता दाना, बिबिरा, फोका र डावर देखिन्छ र क्रमशः हराउँछ।

डेङ्गुका करिब पाँच प्रतिशतमा रगतमा प्लाज्माको मात्रा कम हुने, पानीको मात्रा कम हुने र हाइपोभोलेमिक सक हुने सम्भावना रहन्छ। पहिलोभन्दा दोस्रो र तेस्रो पटक बढी जटिल बन्छ। डेङ्गु पहिलो पटक र दोहोरिँदाको सङ्क्रमण गर्ने भाइरस फरक प्रकारको हुने भएकाले बढी जटिल हुने गर्छ। पहिले बनेको एन्टिबडीले काम नगर्ने र एन्टिबडीलाई भऱ्याङ बनाएर सजिलैसँग इम्युन सिस्टमको कोष प्रयोग गरी फैलिन्छ, खोप विकास तथा प्रभावकारी हुन सकेको छैन।

**ज्वरोपछिको ४८ घण्टा क्रिटिकल**

अधिकांश सङ्क्रमित लक्षण लिएर घर घरमा बसिरहेका तथा आफ्नो दैनिकी कार्यक्षेत्रमा निरन्तर खटिरहेका छन्, जसलाई वाकिङ डेङ्गु भन्न सकिन्छ। पहिलो आठदेखि १० दिनको फेब्राइल अवस्थापछि धेरैमा ज्वरो घट्छ र बिस्तारै सुधारोउन्मुख हुँदै जान्छ। कतिपयमा ज्वरो घटेसँगै २४ देखि ४८ घण्टामा जटिल डेङ्गु देखिने सम्भावना रहन्छ। अर्थात् ज्वरो आएको ९ देखि १२ औं दिनमा क्रिटिकल वा जटिल डेङ्गु देखिन सुरु हुन्छ। जसको जोखिम २४ देखि ४८ घण्टा रहन्छ।

जटिल डेङ्गुका पूर्वसङ्केतमा तारन्तार बान्ता, असाध्यै पेट दुख्ने, अति आलस्य, बेचैनी, कमजोर, रक्तश्राप जस्तै गिजा, योनी, नाक आदिबाट रगत बगे, श्वासप्रस्वासमा तीव्रता वा कठिनाइ भए तुरुन्त अस्पताल जानु पर्छ। अस्पतालमा परीक्षण गर्दा कलेजोको आकार बढेको, छाती वा पेटमा पानी भरिएको, रगतमा प्लेटलेटको सङ्ख्यामा तीव्र गतिले घट्ने र हेमाटोकृट बढेको पाइए गम्भीर अवस्था हो। कलेजो बेकम्मा भई जन्डिस हुने, वंशानुगत मुटु रोग, थ्यालेसेमिया तथा दिमागको सुजन र इन्सेफेलोप्याथी भई बहु अङ्ग बेकम्मा भई मृत्यु हुन्छ।

**व्यवस्थापन**

डेङ्गु विषाणुको सङ्क्रमणबाट हुने रोग भएकाले रामवाण वा जादुको छडी झैँ तुरुन्तै ठिक पार्ने औषधी हुँदैन। यसको उपचार लक्षणका आधारमा गरिन्छ। कोभिड-१९ को मोडेल जस्तै डेङ्गुमा सङ्क्रमित धेरै भएकाले र केही मात्र गम्भीर हुने भएकाले घरमै बसेर उपचार लिने तर जटिलताका लक्षण देखिए तुरुन्तै अस्पताल जाने व्यवस्था छ। 'एस्प्रिन' र 'ब्रुफिन' जस्ता औषधी सेवन गर्नु हुँदैन। प्रशस्त मात्रामा तरल र झोलिलो कुरा खान दिएर वास्तविक र छिट्टै उपचार गर्दा लक्षणमा कमी आउनुका साथै रोगका जटिलता र हुने मृत्युलाई १० प्रतिशतभन्दा कम गर्न सकिन्छ। क्लासिक डेङ्गु सामान्य प्रकारको हो र आफैँ निको हुन्छ। डेङ्गु हेमोरेजिक ज्वरो वा डेङ्गु 'शक सिन्ड्रोम' भएमा उचित उपचार नगरे मृत्यु हुन्छ।

**रोकथामका कार्ययोजना**

नेपालमा सरकारले स्पष्ट वार्षिक कार्ययोजना बनाई लागु गरेको छ, ७७ वटै जिल्लामा कार्यान्वयनका लागि पठाइसकेको छ। कार्ययोजनामा भेक्टर नियन्त्रण, लामखुट्टेको वृद्धिविकास कसरी रोक्ने, उपचार के के गर्ने, स्थानीय तह र रेडक्रसको भूमिका, बढी जोखिम भएका ९२ स्थानीय तहमा एक्सन प्लानसहित विशेष सर्कुलर छ। आव २०८१/८२ मा सात करोड ९६ लाख बजेटमा सङ्क्रमितको संख्याको आधारमा ५० हजारदेखि सातलाखसम्म पालिकालाई विनियोजन गरिएको छ। कीट ७५ हजार वितरण छ। उपरोक्तलगायतका अनेक उपाय र कार्यक्रम भए पनि लागत प्रभावकारी निरन्तर छन्।

डेङ्गुको खोप विकसित देशमा उपलब्ध भए पनि हामीकहाँ छैन। खोपले डेङ्गुको जटिलता ९० प्रतिशतले कम, अस्पताल भर्ना ८० प्रतिशतले कम र लक्षण ५० प्रतिशतले कम हुने देखिएको छ। भारतको अजय बायोटेकले निर्माण गरेको डेङ्गु फैलाउने लामखुट्टेको लार्भा र प्युपा नष्ट गर्ने डब्लुएचओ र सिडिसी अमेरिकाले मान्यता दिएको बायोडेट एम कीटनाशक औषधी छ। अनावश्यक औषधी, मेवाको पात खाइदिँदा पनि जटिलता देखिने गरेको छ।

अन्त्यमा डेङ्गु सार्ने प्रमुख कारण सङ्क्रमित लामखुट्टेको टोकाइ भएकाले त्यसबाट जोगिनु र लामखुट्टेको निर्मूल गर्नु नै रोकथाम हो। डेङ्गु नियन्त्रण गर्न हरेक शुक्रबार बिहान साढे ९ बजे सबै सरकारी तथा सार्वजनिक कार्यालयले आफ्नो हाताभित्र र वरपर सबै कर्मचारी सहभागी भई सरसफाइ अभियान अनिवार्य सञ्चालन गर्न प्रधानमन्त्री कार्यालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ। सरकारको एक्लो प्रयासले मात्र डेङ्गु नियन्त्रण गर्न नसकिने भएकाले आम सर्वसाधारण, निजी क्षेत्र र सरोकारवाला सबैको सहभागिता, सहजीकरण एवं समन्वयको जरुरत छ।

# राजनीतिक दलको स्वमूल्याङ्कन



• यज्ञप्रसाद भट्टराई

लोकतान्त्रिक शासनव्यवस्थालाई विश्वमा लोकप्रिय एवं उत्तम मानिने हुँदा राजनीतिक दलको यस व्यवस्थामा विशेष योगदान रहन्छ। व्यवस्था एवं प्रणाली स्थापना र विकास गर्न राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने भएकाले दललाई लोकतन्त्रको संवाहक मानिन्छ। राजनीतिक दलबिना लोकतन्त्रको संस्थागत विकास हुन सक्दैन। राजनीतिक दलको गठन र संस्थागत विकाससँगै दललाई सहजीकरण, प्रवर्धन एवं नियमन गर्ने व्यवस्था प्रचलनमा आएको पाइन्छ।

नेपालमा राजनीतिक दलको गठनको थालनी विसं १९९३ देखि नै भए पनि दलहरूले वैधानिक मान्यता पछिसम्म प्राप्त गर्न सकेका थिएनन्। विसं २०१५ सालदेखि हालसम्म दलको संस्थागत विकासको प्रयोजनका लागि र लोकतान्त्रिक पद्धति अनुसार सम्पन्न भएका निर्वाचनमा भाग लिने प्रयोजनका लागि विभिन्न दल निर्वाचन आयोगमा दर्ता हुँदै आइरहेको पाइन्छ।

हाल नेपालमा निर्वाचन आयोगमा दर्ता कायम रहेका दल १२२ वटा छन् भने संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने दलको संख्या २४ रहेको छ। संघ र प्रदेशको प्रतिनिधित्व गर्ने दल १५ वटा छन् भने संघमा मात्र प्रतिनिधित्व गर्ने दल १३ वटा छन्। प्रचलित कानुनबमोजिम राष्ट्रिय मान्यताप्राप्त दलमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी गरी सात वटा छन्। जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीमा दललाई कानुनी संस्थाका रूपमा मान्यता दिई दल दर्ता गर्ने, दलका विविध गतिविधिलाई सहजीकरण र नियमन गर्ने गरिन्छ। दलको नियमन गर्ने अधिकारसम्पन्न निकायका रूपमा निर्वाचन आयोगको व्यवस्था गरिएको हुन्छ। नेपालको संविधान र प्रचलित राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले नेपालको निर्वाचन आयोगलाई दलको नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी तोकेको छ। दल दर्ता तथा सञ्चालनसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्दै दलको कामकारबाही र आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवारी बनाउनु नै दलको नियमन एवं व्यवस्थापन गर्ने कार्य हो। तसर्थ यसलाई दलीय सुशासन पनि भनिन्छ।

नेपालको संविधानमा भएका व्यवस्था, प्रचलित राजनीतिक दलसम्बन्धी कानुनी व्यवस्था, दलको विधान र राजनीतिक मूल्यमान्यता तथा संस्कारबमोजिम दलका गतिविधि सञ्चालन भए/नभएको अनुगमन तथा नियमन गर्ने काम निर्वाचन आयोगले गर्छ। दलका सबै गतिविधिको नियमन गर्न सम्भव पनि हुँदैन तसर्थ दलले आफैँले आफ्नो स्वनियमन गर्ने विषयमा ध्यान दिनु जरुरी हुन्छ।

नेपालका दललाई खास गरी बुद्धिजीवी, सरोकारवाला व्यक्ति एवं आमनागरिकबाट विभिन्न समयमा आलोचना हुने गरेको पाइन्छ। कतिपय अवस्थामा दलहरूले संविधान र प्रचलित दल सम्बन्धित कानुन उल्लङ्घन गर्ने गरेको, संविधान र कानुनको उद्देश्य र मर्म अनुरूप काम नगरेको, दलहरू अपारदर्शी भएको, दलमा आन्तरिक लोकतन्त्र खस्किएको, दलका नेतामा स्वेच्छाचारी प्रवृत्ति रहेको गुनासो बढ्को छ। मुलुकको हितभन्दा दलीय स्वार्थमा केन्द्रित हुने गरेको, मुलुकको समृद्धि र विकासका लागि राष्ट्रिय तथा दलीय सहमति कायम गर्न नसकेको, देशको आर्थिक विकासमा केन्द्रित नभएको भन्दै चिन्ता व्यक्त हुने गरेको छ। दलहरू केवल सत्ताकेन्द्रित मात्र भएको, मतदाता एवं जनचाहना अनुरूप दल चल्न नसकेको, दल र तिनका नेताहरू आर्थिक अनियमितता र भ्रष्टाचारमा लिप्त हुने गरेको भन्दै जनतामा व्यापक असन्तुष्टि छ। दलहरूमा राजनीतिक मूल्यमान्यता र संस्कारको स्खलन हुँदै गएको जस्ता विभिन्न आरोप दल र तिनका नेतालाई लाग्ने गर्छ। दलको आर्थिक क्रियाकलाप अपारदर्शी रहेको र निर्वाचनमा अदृश्य तवरले धेरै खर्च गर्ने गरेको साथै आयोगमा यथार्थ विवरण पेस नहुने गरेको जस्ता आरोप लाग्दै आएको छ।

दललाई लाग्ने गरेको यस्ता खाले आरोपबाट बच्न तथा राजनीतिक दल संविधान र कानुनले तोकेको विधि र प्रक्रिया अनुरूप चल्नु पर्छ। दललाई जनताप्रति उत्तरदायी बनाउन, दलको आन्तरिक लोकतन्त्र सुदृढ गर्न, आर्थिक पारदर्शिता कायम गर्न र समावेशी बनाउन दलले आफ्नो मूल्याङ्कन आफैं गर्ने एवं आफूले आफैँलाई सुधार्ने परिपाटीको विकास गर्नु आवाश्यक हुन्छ। दलको स्वमूल्याङ्कन भनेको दलले आफैँले आफ्नो नीति, कार्यक्रम, व्यवहार, सङ्गठनात्मक संरचना, कार्यशैली, जनताप्रतिको प्रतिबद्धता, शासन क्षमता, पारदर्शिता, जवाफदेहिता र सिद्धान्तप्रतिको प्रतिबद्धता, संविधान तथा कानुनको परिपालना आदिका आधारमा आफूलाई मूल्याङ्कन गर्ने परिपाटी हो।

स्वमूल्याङ्कनको आफ्नै महत्व र गरिमा छ। यस प्रणालीले दललाई आन्तरिक सुधारका लागि मार्गदर्शन गर्छ। जनताको विश्वास बढाउन एवं लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाउँछ। दलहरूले प्रायः बाह्य आलोचना भएपछि मात्रै प्रतिक्रिया जनाउने गरेको पाइन्छ। विश्वसनीय र उत्तरदायी दल हुनका लागि दलको स्वमूल्याङ्कन गर्ने प्रणाली अनिवार्य स्थापित गर्ने र त्यसको कार्यान्वयन प्रभावकारी रूपमा हुने अभ्यास हुनु पर्छ। दलको स्वमूल्याङ्कन नियमित र प्रणालीगत प्रक्रिया हो, जसले पार्टीको आन्तरिक र बाह्य कार्यसम्पादनको समीक्षा गरेर सुधारको दिशा तय गर्न सहयोग गर्छ। स्वमूल्याङ्कन सुरु गर्नुअघि के के पक्षको मूल्याङ्कन गर्ने भन्ने तय गर्नु आवाश्यक पर्छ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने दलको स्वमूल्याङ्कन गर्ने परिपाटी विभिन्न देशमा रहेको छ। स्विडेन, जर्मनी, दक्षिण अफ्रिकालगायतका कतिपय देशमा दलको स्वमूल्याङ्कन हुने गर्छ। कतिपय विकसित मुलुकमा स्वमूल्याङ्कन संस्थागत र नियमित छ भने विकासोन्मुख राष्ट्रहरूमा अन्तर्राष्ट्रिय दातृ निकायको दबाबपछि मात्र यो अभ्यास सुरु भएको पाइन्छ। अन्तर्राष्ट्रिय सङ्गठनले पनि लोकतान्त्रिक मूल्यमान्यता जोगाउन दलहरूलाई आत्ममूल्याङ्कन र सुधार प्रक्रियामा संलग्न गराउँदै आएको पाइन्छ। इन्टरनेसनल इन्स्टिच्युट फर डेमोक्रेसी एन्ड इलेक्ट्रोल एसिस्टेन्ट (इन्टरनेसनल आइडिया) नामक सङ्गठनले राजनीतिक दलहरूले लोकतान्त्रिक मूल्यको अभ्यास कति प्रभावकारी ढङ्गले गरिरहेका छन् भन्ने सम्बन्धमा स्वमूल्याङ्कन उपकरण विकास गरेको पाइन्छ। आन्तरिक लोकतन्त्र, नीति निर्माणमा सहभागिता, पारदर्शिता, सार्वजनिक जवाफदेहिता, लैङ्गिक समावेशिता जस्ता विषयलाई आधार मानेर मूल्याङ्कनका सूचक बनाएको पाइन्छ।

निर्वाचन आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले दलको नियमन गर्ने रणनीति तय गरेको देखिन्छ। उक्त रणनीति अन्तर्गतको कार्यनीतिमा राजनीतिक दलको व्यवस्थापन परीक्षण र स्वमूल्याङ्कन प्रणाली प्रारम्भ गर्ने उल्लेख गरिएको छ। त्यसै गरी सूचकसहितको कार्यविधि तयार गरी दलको व्यवस्थापन परीक्षण गरी स्वमूल्याङ्कन गराउने कार्यनीति लिएको देखिन्छ।

हालै निर्वाचन आयोगले दलको आन्तरिक कार्यविधिलाई व्यवस्थित गर्दै दलको कामकारबाहीलाई पारदर्शी र जिम्मेवार बनाउन दल आफैँले आफ्नो मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्न संस्थागत प्रबन्ध गर्ने उद्देश्यले राजनीतिक दलको स्वमूल्याङ्कन कार्यविधि, २०८२ को मसौदा तयार गरी सोउपर राय सुझाव माग गरेको छ। कार्यविधिमा दलले पालना गर्नुपर्ने न्यूनतम सर्तका अठार सूचक तथा सूचक मापन गर्ने २५ वटा आधार तय गरिएको छ। स्वमूल्याङ्कनका विषय क्षेत्रमा दलको सङ्गठनात्मक संरचना, आन्तरिक व्यवस्थापन, दलको जिम्मेवारी, लैङ्गिक तथा समावेशी व्यवस्था, दलको कोष व्यवस्थापन तथा लेखा परीक्षण, निर्वाचनमा सहभागिता तथा प्रतिनिधित्व र अन्य व्यवस्था गरी सात वटा विषय क्षेत्रमा ७५ सूचक र अङ्कभार तय गरी राखिएको छ। मूल्याङ्कनमा अङ्कभार प्रदान गर्ने आधार र अङ्कसमेत निर्धारण गरी कार्यविधिमा राखिएको छ।

आयोगले कार्यविधिमार्फत दलको स्वमूल्याङ्कन गर्ने व्यवस्था राखेर रायसुझाव मागेकोमा कतिपय दल तथा व्यक्तिले विरोध एवं आपत्ति जनाएको सुनिन्छ। नियमनको दायरामा ल्याउने तथा नियमनको दायरामा आउने विषय कठिन भएकाले विरोध जनाउनुलाई स्वाभाविकै मान्नु पर्छ। स्वमूल्याङ्कनको विषय अति आवाश्यक छ। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को संशोधन गरेर स्वमूल्याङ्कनसम्बन्धी कानुनी व्यवस्था गर्दा उपयुक्त हुने छ। उक्त स्वमूल्याङ्कन विधिलाई अझ परिष्कृत गरी सोको कानुनी व्यवस्था गरेर यसको प्रभावकारी कार्यान्वयन गर्न सकेमा दलीय सुशासनका लागि आयोगले लिएको महत्वपूर्ण र अद्वितीय कदम हुने छ।

दलको स्वमूल्याङ्कन गर्ने प्रणालीको कार्यान्वयन गर्ने चुनौती आयोगसामु रहेको देखिन्छ। यस प्रणालीलाई कार्यान्वयनमा ल्याउन दलबाट

# पाथीभरा क्षेत्र विकास समितिको बेरुजु ३६ लाख बढी




झापा(प्रस) । पाथीभरा क्षेत्र विकास समितिको बेरुजु झण्डै साढे ३६ लाख रुपियाँ देखिएको छ। पछिल्लो एक दशकको अवधिमा समितिको फर्स्योट हुन बाँकी रहेको बेरुजु ३६ लाख ३९ हजार २९८ रुपियाँ देखिएको हो ।

समितिले सार्वजनिक गरेको वार्षिक प्रगति विवरणमा आर्थिक वर्ष २०७१-०७२ देखि आर्थिक वर्ष २०८०-०८१ सम्ममा उक्त रकम बराबरको बेरुजु फर्छ्यौट हुन बाँकी रहेको उल्लेख गरिएको छ । समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार महालेखा परीक्षकले औँल्याएको बेरुजुमध्ये केही रकमहरु फर्स्योट समेत भएका छन् ।

हाङबाङ कार्यकारी निर्देशकको जिम्मेवारी नियुक्त भएपछि ४६ हजार रुपियाँको बेरुजु रकम फर्स्योट भएको समितिले जनाएको छ । त्यस्तै कार्यकारी निर्देशक हाङबाङको कार्यकालमा महालेखा परीक्षकले आर्थिक वर्ष ०८०-०८१ मा १८ हजार ६ सय ३ रुपियाँ बेरुजु औँल्याएको छ । गत आर्थिक वर्ष २०८१-०८२ को मलेपले परीक्षण गर्न बाँकी रहेको छ। यस्तै सबैभन्दा बढी आर्थिक वर्ष २०७५-०७६ मा रहेको बेरुजु २६ लाख ३१ हजार ६५८ रुपियाँ फर्स्योट हुन बाँकी रहेको छ ।

यस्तै आव ०७१-०७२ मा ८० हजार ८४५ रुपियाँ, ०७२-०७३ मा १ लाख १२ हजार ३२२ रुपियाँ र आव ०७४-०७५ मा ४२ हजार ९ सय रुपियाँ बेरुजु फर्स्योट हुन बाँकी रहेको छ । आव ०७६-०७७ मा ६ लाख २४० रुपियाँ र ०७७-०७८ मा १ लाख ७५ हजार रुपियाँ फर्स्योट हुन बाँकी रहेको समितिले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

यस्तै, महालेखा परीक्षकले औँल्याएको बेरुजु रकमको असुल उपर तथा हिसाब मिलान गर्नुपर्ने देखिएको छ ।

# इम्बोस्ड नम्बर प्लेट: कार्यान्वयनमा अनेक चुनौती

झापा(प्रस) । लागु भएको नौ वर्षसम्म पूर्ण कार्यान्वयन हुन नसकेको प्रविधियुक्त उच्च सुरक्षित इम्बोस्ड नम्बर प्लेट असोज १ गतेदेखि अनिवार्य गरिँदै छ। लागु नहुँदै त्यसबारे अनेक चुनौतीका विषयमा विमर्श हुन थालेको छ। सरकारी तयारी हेर्दा स्मार्ट लाइसेन्समा २०७२ सालदेखि सेवाग्राहीले भोग्दै आएका समस्या असोज १ गतेदेखि इम्बोस्ड नम्बर लिनेले पनि भोग्नुपर्ने देखिन्छ। परीक्षा




पास गरेर तीन वर्षसम्म लाइसेन्स नपाएकाको संख्या अहिले पनि ३० लाखभन्दा माथि छ। इम्बोस्ड नम्बरको हालत पनि यस्तै नहोला भन्न सकिन्न ।

सात प्रदेशका सबै यातायात कार्यालयमा इम्बोस्ड नम्बर प्लेट माग भए पनि काठमाडौँमा रहेको यातायात व्यवस्था विभागले नम्बर प्लेट उपलब्ध गराउने हो। यो आफैँमा झन्झटिलो, लामो रुट पार गर्नुपर्ने र पर्खनुपर्ने अवस्था हो। कोशी, मधेश र सुदूरपश्चिम प्रदेशमा तयारीसमेत पूरा भएको छैन। हेटौँडा, सुर्खेत, बुटवल, नेपालगन्ज र पोखराका कार्यालय तयारी अवस्था रहेको विभागले जानकारी दिएको छ। काठमाडौँमा दुईपाङ्गेका लागि गुर्जुधारा, चारपाङ्गेका लागि एकान्तकुना र सवारी परीक्षण कार्यालय टेकुमा तोकिएको छ। यसले फेरि सेवाग्राहीलाई सास्ती दिने काम भएको यातायात व्यवसायीको आरोप छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला भन्छन्, "लाइसेन्स जस्तै यो पनि अर्को चलखेल हो। ठुला बिचौलियाको सक्रियता छ। अहिले पनि ३० लाख लाइसेन्सका सेवाग्राहीले सास्ती भोगेका छन्। त्यस्तै हुन्छ यो पनि। इम्बोस्ड नम्बरमा हाम्रो विरोध होइन तर सरकारको काम गर्ने तरिका नहुँदा जनताले धेरै दुःख पाएका छन्।"

सरकारले आवश्यक संचरनासहित गर्नुपर्ने तयारी पूरा नगरी कर उठाउनकै लागि अनिवार्य गरेकाले सफल हुन गाह्रो हुने व्यवसायीको दाबी छ। प्रदेशले केन्द्रलाई केन्द्रले प्रदेशलाई दोष दिएर सरकारले इम्बोस्ड नम्बर प्लेटलाई समस्याग्रस्त बनाउन सक्ने सम्भावना रहेको सिटौलाको दाबी छ। प्लेटमा अङ्ग्रेजी अक्षर हुने भएकाले यसको कार्यान्वयन गर्न नहुनेको मत पनि बढिरहेको छ तर यातायात व्यवस्था विभागले सूचना सार्वजनिक गरी प्रदेश सरकारमातहतका यातायात व्यवस्था कार्यालयमा सवारी दर्ता, नामसारी र नवीकरण गर्न आउनेलाई इम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्न भनेको छ।

# खोटाङको साकेलामा श्रमदान अभियान



झापा(प्रस) । खोटाङको साकेला गाउँपालिकामा जनश्रमदान अभियान जारी छ । अभियानमार्फत वर्षाले बिगारेको सडक मर्मत, ग्रामीण सडकको नाली सफा गर्ने, सडकको छेउ र भित्तामा पलाएको बोटबिरुवा हटाउने, सडक किनारामा फालिएका फोहरमैलाको उचित व्यवस्थापन गर्ने तथा सडक आसपास विभिन्न प्रजातिका फलफूलका बिरुवा रोप्नेलगायत काम थालिएको हो ।

गाउँपालिका अध्यक्ष रविप्रकाश राई सहित श्रमदान अभियानमा स्थानीय नागरिक पनि प्रत्यक्ष जोडिएर सफा र सुन्दर पालिका निर्माण अभियानमा जुटेका छन् । गाउँपालिकामा उपलब्ध उपकरण र केही प्राविधिक तथा कर्मचारीको साथमा दिनहुँ जनश्रमदान गरिरहेका छन् ।

अध्यक्ष राईले स्थानीय नागरिकलाई आवतजावतमा सास्ती नहोस् भन्ने हेतुले केही कर्मचारीको साथमा कहिले मुख्य, कहिले शाखा सडक मर्मत गरिरहेको बताए । साप्सुखोला-मानेभञ्ज्याङ-पाँचधारे सडक, बाँझेच्यानडाँडा-रतन्छा-मानेभञ्ज्याङ सडक, कात्तिके-सोस्तुङ-रतन्छा नैनेपाटी सडकलगायत पालिकाभित्रका बजार, उद्यान, कार्यालय र सार्वजनिकस्थलको सरसफाइ गर्नुका साथै उक्त स्थानमा विभिन्न प्रजातिका बोटबिरुवा रोपिएका छन् । अभियानमा उपाध्यक्ष बिर्सिका राई र वडाध्यक्षको सहभागिता छ ।

# सरकारको कुल ऋण २६ खर्ब ६९ अर्ब नाघ्यो

झापा(प्रस) । आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले आन्तरिक र बाह्य ऋणसहित कुल २६खर्ब ६९ अर्ब ६५ करोड ऋण तिर्न बाँकी रहेको नेपाल राष्ट्र बैंकको प्रतिवेदनले देखाएको छ ।

असार मसान्तसम्मको तथ्याङ्कअनुसार यसमध्ये बाह्य ऋण १४खर्ब १ अर्ब ४२ करोड र आन्तरिक ऋण १२ खर्ब ६८ अर्ब २२ करोड छ ।

राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार अघिल्लो वर्ष कुल सार्वजनिक ऋण गार्हस्थ्य उत्पादन (जीडीपी) को ४२.७१ प्रतिशत थियो भने चालु आर्थिक वर्षमा यो बढेर ४३.७१ प्रतिशत पुगेको छ ।

आन्तरिक ऋणतर्फ सरकारले चालु वर्षमा रु. ३२९ अर्ब ९९ करोड परिचालन गरेको छ भने रु. २४३ अर्ब ९१ करोड साँवा भुक्तानी गरेको छ । यसरी यस अवधिमा रु. ८६ अर्ब ८ करोड खुद आन्तरिक ऋण परिचालन भएको हो, जुन कुल गार्हस्थ्य उत्पादनको १.४ प्रतिशत बराबर हो ।

त्यस्तै, सरकारले चालु वर्षमा रु. १२५ अर्ब ४० करोड बाह्य ऋण परिचालन गरेको छ ।नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार २०८२ असार मसान्तमा नेपाल सरकार, प्रदेश र स्थानीय तहका विभिन्न खातामा जम्मा रु. १३० अर्ब ७३ करोड नगद मौज्दात रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यो मौज्दात रु. ९३ अर्ब ९६ करोड मात्र थियो ।

# स्वमूल्याक्तनमा कोशी प्रदेशमै सूर्योदय पहिलो

झापा(प्रस) । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा इलामको सूर्योदय नगरपालिका कोशी प्रदेशमै पहिलो भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को नतिजा अनुसार स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धीको आधारमा ९० दशमलव ५० अङ्कसहित सूर्योदय नगरपालिका कोशी प्रदेशका एक सय ३७ पालिका मध्ये पहिलो भएको हो ।

नतिजा अनुसार सूर्योदय नगरपालिका इलामका १० पालिकामध्ये पहिलो तथा देशका सात सय ५३ पालिकामा छैटौं स्थानमा परेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व. २०८०/०८१ को नतिजाको गुणस्तर परीक्षण गर्दा सूर्योदय नगरपालिकाले शासकीय प्रवन्धमा ९, सङ्गठन तथा प्रशासनमा ८, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ८ दशमलव ५०, वित्तीय एवम् आर्थिक व्यवस्थापनमा ११, सेवा प्रवाहमा १३ दशमलव ५०, न्यायिक कार्य सम्पादनमा ७, भौतिक पूर्वाधारमा ११, सामाजिक समावेशीकरणमा ९, वातावरण संरक्षण तथा बिपद् व्यवस्थापनमा ८, सहकार्य र समन्वयमा ५ दशमलव ५० अङ्क गरी जम्मा ९० दशमलव ५० अङ्क प्राप्त गरी जिल्ला तथा कोशी प्रदेशको पहिलो तथा देशकै छैटौ स्थानमा पर्न सफल भएको छ।

इलामकै इलाम नगरपालिका ९० अङ्कसहित कोशी प्रदेश तथा इलाम जिल्लाको दोस्रो भएको छ। त्यस्तै विराटनगर महानगरपालिका ८७ दशमलव २५ अङ्कसहित प्रदेशमा तेस्रो भएको छ।

सूर्योदय नगरपालिकाका नगरप्रमुख रणबहादुर राईले सबै कामलाई दिगो विकासका लक्ष्यसँग जोडेर काम गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको मूल्याङ्कन परीक्षणमा कोशीकै पहिलो हुन सफल भएको जानकारी दिएका छन् । उनले भने, ''हामीले सबै कानुन कार्यविधि बनाएका छौँ, हामी कानुन कार्यविधिभित्र रहेर काम गर्छौं, यो सफलता त्यसैको हो ।''

# प्याब्सनको आन्दोलन थप चर्कँदै
# आज कोशी प्रदेशसभा भवन अगाडि बिरोध प्रदर्शन

झापा(प्रस) । शिक्षा विधेयकमा कतिपय प्रावधानहरु निजी विद्यालयको हितविपरीत रहेको भन्दै आन्दोलनमा रहेको निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल




(प्याब्सन) ले आज भदौ ९ गते कोशी प्रदेशसभा भवन अगाडि बिरोध प्रदर्शन गर्ने भएको छ ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट पारित भई संसदमा पेश भएको प्रस्तावित शिक्षा विधेयकप्रति असहमति जनाउँदै आन्दोलनमा रहेको प्याब्सनले केन्द्रीय कार्यक्रमअनुसार कोशी प्रदेशमा समेत बिरोधका कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

जसका लागि कोशी प्रदेशका सबै जिल्लाबाट प्रतिनिधित्व गर्दै प्याव्सन कोशीको अगुवाइमा प्रदेश सभा भवन अगाडि भेला भएर शान्तिपूर्ण विरोध प्रर्दशन गर्ने कार्यक्रम रहेको छ । विरोध प्रदर्शनका लागि झापाबाट सबै पालिका अध्यक्ष तथा प्याब्सन झापाका पदाधिकारीको सहभागिता रहने प्याब्सन झापाका सचिव लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए । उनका अनुसार प्रदेश सभा भवन अगाडि उपस्थित भई व्यानर तथा कालो झण्डासहित शान्तिपूर्ण सभा एवम् विरोध ऱ्याली लगायतका कार्यक्रम गरिने छ ।

विहान ११ बजे महेन्द्र चोकमा भेला भएर विरोध ऱ्याली निकालिने र प्रदेश सभा भवन अगाडि पुगेर प्रदर्शन गर्ने कार्यक्रम रहेको प्याव्सन झापाका सचिव उप्रेतीले बताए । कार्यक्रममा केन्द्र, प्रदेश, जिल्ला र पालिका कार्यसमितिमा रहेका पदाधिकारी, सल्लाहकार , सदस्य, पूर्व पदाधिकारी, पूर्व सल्लाहकार, पूर्व सदस्यलगायत सम्पूर्ण संस्थापक प्रिन्सिपल तथा विद्यालय प्रतिनिधिलाई अनिवार्य सहभागिताका अनुरोध गरिएको छ ।

एक सदस्य विद्यालय एक प्रतिनिधि अनिवार्य रहने गरी सहभागिता गराउन सबै पालिका अध्यक्षलाई अनुरोध गरिएको छ । यसअघि झापामा विभिन्न चरणमा कार्यक्रम सम्पन्न भएको छ ।

# हाइड्रोजनमा आधारित मल कारखाना उपयुक्त

झापा(प्रस) ।बर्सेनि भइरहने रासायनिक मलको अभाव पूर्तिका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मल कारखाना खोल्ने प्रक्रियालाई फेरि एक पटक अगाडि बढाएको छ । मन्त्रालयमातहतको नेपाल आयल निगमलाई यसका लागि प्रक्रिया बढाउन परिचालन गरेको छ । यसै प्रयासस्वरूप निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट नेतृत्वको टोली अहिले भारत भ्रमणमा छ ।

टोलीले इन्डियन आयल कर्पोरेसन (आइओसी) सँग नेपालमा रासायनिक मल कारखाना खोल्ने विषयमा छलफल गरिरहेको छ । नेपालले प्रतिबद्धता जनाएको शून्य कार्बन उत्सर्जनको लक्ष्यभन्दा बाहिर रहने गरी खनिज इन्धनमा आधारित रासायनिक मल कारखाना खोल्न आइओसीसँग छलफलमा निगम जुटेको हो । भारतको गोरखपुरमा आठ वर्षदेखि रासायनिक मल उत्पादन गर्दै आएको आइओसीले दुई वर्षअघि नै नेपालमा पनि यस्तै कारखाना खोल्ने अनौपचारिक प्रस्ताव निगममा पठाएको थियो । निगमले यस्तो प्रयास गर्दैगर्दा नेपालले अनुसरण गरेको शून्य कार्बन उत्सर्जन तथा अन्य वातावरणीय मापदण्डको विषयमा भने संवेदनशील हुन आवश्यक रहेको विज्ञको मत छ ।

नेपालमा मल कारखाना खोल्ने विषयमा विगत ४० वर्षदेखि बहस अध्ययन भइरहेको छ । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइकाले) सन् १९८४ मै यससम्बन्धी अध्ययन गरेर सरकारलाई प्रतिवेदन बुझाएको पाइन्छ । सो प्रतिवेदनले इलेक्ट्रोलाइसिस पद्धतिमार्फत हाइड्रोजन उत्पादन गर्न उपयुक्त हुने सुझाएको थियो ।

त्यस्तै सन् २०१५ मा इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट कर्पोरेसन (कर्नाटक) र शाह कन्सल्ट (आइडिइके) ले संयुक्त अध्ययन गरी प्राकृतिक ग्यास प्रयोग गरी मल कारखाना खोल्न उपयुक्त हुने सुझाएको देखिन्छ ।

लगानी बोर्डको कार्यालयले सन् २०२२ मै यी दुवै प्रतिवदेनको समसामयिक तुलनात्मक अध्ययन गरेको थियो । सो अध्ययनले प्राकृतिक ग्यासमा आधारित मल कारखाना बनाउने भए मधेश प्रदेशको ढल्केबरमा करिब चार एकड जमिनमा बनाउन सकिने सुझाएको छ । यसका लागि आवश्यक पर्ने प्राकृतिक ग्यास आयातका लागि पहिले नै पाइप लाइन बनाउनुपर्ने चुनौती देखाएको छ । खनिज इन्धनको मूल्य बढ्दै जाने र वातावरणीय स्वच्छतामा नेपालले जनाएका प्रतिबद्धताको प्रतिकूल हुने भएकाले यस्तो परियोजना निर्माण गर्न सरकार अग्रसर हुन नहुने ठम्याइ पनि विज्ञहरूको छ ।

## राजनीतिक...

आवश्यक सहयोगको चुनौती छ । त्यसै गरी प्रणालीको विकास गर्ने चुनौती एकातिर रहेको छ भने अर्कोतिर दल एवं उक्त कार्य गर्ने गराउने जनशक्तिलाई सूचना प्रविधिमैत्री बनाउने चुनौती छ ।

देशको शासनव्यवस्था सञ्चालन गर्ने जनप्रतिनिधिलाई दलले तयार गर्ने भएको हुँदा दल जति सुव्यवस्थित र प्रणालीबद्ध तवरले चल्न सक्यो त्यसको प्रभाव त्यति नै मुलुकको शासन व्यवस्थामा पर्छ । दलीय सुशासनको अवस्था कमजोर भएमा सोही अनुरूप मुलुकमा समेत सुशासन कायम हुन सक्दैन ।

लोकतन्त्रमा राजनीतिक दलको भूमिका मह[illegible]वपूर्ण हुन्छ । दलको सङ्ख्यात्मकभन्दा गुणात्मक रूपमा वृद्धि हुनुले महत्वपूर्ण अर्थ राख्ने गर्छ । दलले अवलम्बन गरेको लोकतान्त्रिक मूल्यमान्यता र संस्कार, सुशासन, आर्थिक समृद्धि र जनजीविकाका सवालमा निर्वाह गरेको भूमिकाले नै दलको गुणात्मक विकासको मापन गर्छ । लोकतान्त्रिक व्यवस्थामा दल भनेका मियो अर्थात् मुहान हुन् । मुहान जति सफा भयो , नदी त्यति नै सफा हुन्छ । दल जति सफा हुन सक्यो, मुलुकको शासन पनि त्यति नै सफा हुने गर्छ । देश र समाजको रूपान्तरण र परिवर्तन गर्ने लक्ष्य लिएका दल तथा त्यसको नेतृत्व सबभन्दा पहिले आफू परिवर्तन वा रूपान्तरण हुनु पर्छ । दल तथा नेतृत्वले आफ्नो नियमन आफैँले गर्नु वा स्वनियमन हुनु आवश्यक छ । त्यसैगरी दलले आफ्नो मूल्याङ्कन आफैं गर्ने र आफैँ रूपान्तरण हुनुको विकल्प छैन । यस कार्यका लागि आयोग एक्लैले गरेर सम्भव हुँदैन तसर्थ राजनीतिक दल, सरकार, नागरिक समाज सबैको सार्थक सहयोग जरुरी छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ